क्षेत्रीय अखबार
# पश्चिम नेपाल
-वर्ष: २०, अङ्क: ६८, २०८२ भदौ ५ गते बिहीबार (21 Aug., 2025) -मूल्य: रु. ५।-, -पृष्ठ ४
सुदूरपश्चिममा सर्वाधिक विक्री हुने पत्रिका
दैनिक

रमाईलो® तपाईंको स्वास्थ्यको साथी
मैदा
बेकरी, म:म: र नुडल्स को लागी नं.१
RP Agro Industries (P) Ltd
Godawari - 5, Dhangadhi, Kailali
9801700061/ 9801700011

# विपिनको रिहाइका लागि कूटनीतिक पहल !

**-पश्चिम नेपाल संवाददाता**
**काठमाण्डौ, ४ भदौ**

२०२३ अक्टोबर ७ मा हमास आतंककारीद्वारा इजरायलमाथि भएको आकस्मिक आक्रमणपछि नेपाली समाजले भोगेको पीडा अझै पनि अन्त्य भएको छैन। त्यस दिन सयौं इजरायली र विदेशी नागरिक अपहरणमा परे, हजारौंले ज्यान गुमाए।

यता १० नेपाली युवाले पनि उक्त घटनामा ज्यान गुमाए, केही घाइते भए, कृषि शिक्षा अध्ययनका लागि इजरायल आएका एक नेपाली युवा विपिन जोशी पनि आतंककारीद्वारा अपहरण भई आजसम्म गाजामा बन्धक जीवन बिताइरहेका छन्। संसारभरका मुलुकहरूले आफ्ना नागरिकको मुक्तिका लागि उच्चस्तरीय कूटनीतिक पहल, दबाब र निरन्तर चासो देखाएर बन्धक छुटाएको बेला यता नेपाल सरकारको पहल अपेक्षित स्तर सम्म पुग्न नसकेको गुनासो बढ्दो छ।

सरकारका प्रधानमन्त्री, परराष्ट्रमन्त्री लगायतले समय-समयमा वक्तव्य जारी गर्दै, इजरायल, कतारलगायत तटस्थ मुलुक लगायत अन्य निकायहरूसँग सम्पर्कमा रहेको दाबी गरेका छन्। तर व्यवहारमा विपिन जोशीको रिहाइका लागि निर्णायक प्रगति भएको संकेत पाइँदैन। इजरायलमा रहेका नेपाली समुदाय, विभिन्न देशका कुटनीतिक नियोग, इजरायलका प्रधानमन्त्री, राष्ट्रपति र अन्तर्राष्ट्रिय सञ्चार माध्यमसम्म पुगेर बहिनी पुष्पा र आमाले




गरेको गुहारले राज्यले गरेको प्रयासको कमजोरी अझ प्रस्ट बनाएको छ। जोशी परिवारको पीडा अब केवल व्यक्तिगत मात्र होइन, यो सम्पूर्ण राष्ट्रको पीडा हो भन्ने जबर्जस्त मुद्दा स्थापित हुँदै गएको छ।

कुटनीति भन्नाले केवल आधिकारिक पत्राचार वा सामान्य चासो देखाउनु मात्र हुँदैन। यसले निरन्तर दबाब सिर्जना गर्नुपर्छ, बहुपक्षीय मञ्चहरूमा मुद्दा उठाउनुपर्छ, मित्रराष्ट्रहरूसँग गहिरो तहमा छलफल र दबाब सिर्जना गर्नुपर्छ। तर नेपाल सरकारले यस दिशामा देखाएको सक्रियता सीमित रहँदै आएको छ। यहाँसम्म कि घटनापछि लामो समयसम्म नेपालका कूटनीतिक निकाय मौन बसेको देखियो। अब प्रश्न उठ्छ, के केबल टेलिफोन र पत्राचारले मात्र परिणाम ल्याउँछ ! होइन। जब इजरायल स्वयं विश्वको ध्यानको केन्द्रमा छ, त्यहीँ उपस्थित भई नेपाली सरकारले आफ्नो सक्रियता देखाउनु अपरिहार्य छ। उच्चस्तरीय प्रतिनिधि टोली पठाएर, अन्तर्राष्ट्रिय सरोकारवालासँग प्रत्यक्ष संवाद गरेर र मानवीय दबाब सिर्जना गरेर मात्रै ठोस परिणाम सम्भव हुन्छ। केवल कागजी प्रक्रिया वा वक्तव्यले अब परिवारको आशा पुरा गर्न सक्दैन।

यद्यपि, पछिल्लो समय इजरायलस्थित नेपाली राजदूतावासले देखाएको सक्रियता सम्झन लायक छ। विभिन्न भेटघाट, सञ्चार माध्यममा उपस्थिति, र परिवारसँग निरन्तर सम्पर्क राख्नु सकारात्मक कदम हुन्। तर यो पर्याप्त भने होइन। दूतावासको सक्रियतालाई काठमाडौंको राजनीतिक इच्छाशक्ति र उच्चस्तरीय दबाबले अझ बढी साथ दिन जरुरी छ।

यिनै कमजोरी र ढिलाइका कारण आज नेपालमै विपिनको रिहाइ माग्दै आन्दोलनको स्वर उठेको छ। परिवारसँगै नागरिक समाज, विद्यार्थी र विभिन्न संगठनले सडकमा आवाज उठाउन थालेका छन्। 'हाम्रो विपिन कहाँ छ ?', 'सरकार किन मौन ?' भन्ने प्रश्नले राजधानीदेखि गाउँसम्म चर्को प्रतिध्वनि पाउन थालेको छ। आखिर किन सरकारविरुद्ध नारा लाग्छ ? कारण स्पष्ट छ, राज्यले आफ्ना नागरिकको जीवन रक्षा गर्न आवश्यक गम्भीरता नदेखाएको आभास। दैनिक आलोचनाको सिकार सरकार बन्नुको कारण भने यही हो, नागरिकले आफूलाई असुरक्षित महसुस गर्न थालेका छन्।

अर्को प्रश्न, के नेपालले इजरायलमा प्रत्यक्ष उपस्थित भएर सक्रियता देखाउँदा अन्य अरब मुलुकहरूसँगको सम्बन्धमा चिसो पस्छ। होइन, नेपालले अरबसँग दशकौँदेखि श्रम, व्यापार र कूटनीतिमा सन्तुलित सम्बन्ध राख्दै आएको छ।

इजरायलसँग सक्रिय उपस्थितिले त्यो सम्बन्धलाई नष्ट गर्ने छैन, बरु नेपालले 'नागरिकको जीवनमाथि राजनीति भन्दा माथि' भन्ने सन्देश दिनेछ। मानवीय मुद्दामा गरिएको हस्तक्षेपले कुनै राष्ट्रलाई नकारात्मक सन्देश दिँदैन। बरु यसले नेपाललाई विश्वसामु जिम्मेवार र निडर राष्ट्रको रुपमा प्रस्तुत गर्नेछ। विपिन जोशीको रिहाइ केवल एक व्यक्तिको जीवनमरणको प्रश्न होइन, यो नेपाली राज्यको विश्वसनीयता र आफ्ना नागरिकप्रतिको उत्तरदायित्वको पनि परीक्षा हो।

अब नेपाल सरकारले ढिलाइ नगरिकन कूटनीतिक आक्रमकता देखाउन आवश्यक छ। संयुक्त राष्ट्रसंघ, अन्तर्राष्ट्रिय रेडक्रस, मानवीय संगठनहरू, र इजरायलसँग सम्बन्ध प्रगाढ मुलुकहरूको सहयोग लिन सकिन्छ। नेपालले आफ्नो तटस्थ हैसियतलाई बल बनाएर मानवीय मुद्दा उठाउने अवसर गुमाउनु हुँदैन। आज परिवार र सिंगो देशको एक मात्र चाहना छ विपिन फर्कियोस्, हाम्रो छोरा, भाई, दाई फर्कियोस्। त्यो चाहना कुनै विलासिता होइन, नागरिकको न्यूनतम अधिकार हो। यदि नेपाल सरकारले अझै पनि औपचारिकता मात्रमा सीमित रह्यो भने यो न केवल विपिनप्रति अन्याय हुनेछ, बरु सम्पूर्ण नेपाली र प्रवासी समुदायप्रतिको असावधानीको प्रमाण हुनेछ।

अब समय आएको छ, सरकार जिम्मेवार कूटनीतिक पहल गर्दै विपिन जोशीलाई सकुशल फर्काउन निर्णायक कदम चालोस्। राज्यले आफ्नो जिम्मेवारी निर्वाह गरेको अनुभूति दिलाओस्। विपिनको रिहाइ नेपाल सरकारको कूटनीतिक क्षमताको वास्तविक परीक्षा हो। जुन परीक्षामा पास हुने वा फेल स्वयम् सरकारको हातमा छ।

## सुदूरपश्चिम विश्वविद्यालय
### केन्द्रीय कार्यालय
### महेन्द्रनगर, कञ्चनपुर

**स्नातक तह प्रथम सेमेस्टरमा विद्यार्थी भर्ना सम्बन्धी सूचना।**

(दोस्रो पटक सूचना प्रकाशित मिति: २०८२/०४/१५)

सुदूरपश्चिम विश्वविद्यालयका विभिन्न सङ्कायतर्फ सेमेस्टर प्रणालीमा आधारित स्नातक तहका निम्न अनुसारका शैक्षिक कार्यक्रमहरूमा शैक्षिक सत्र २०८२/८३ का लागि विद्यार्थी भर्नाको कार्यक्रम निम्नानुसार रहेको बेहोरा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

| सङ्कायहरू | शैक्षिक कार्यक्रमहरू | प्रवेश परीक्षा तथा भर्ना कार्यक्रम |
|---|---|---|
| मानविकी तथा सामाजिक शास्त्र | B.A., BCA | १. प्रवेश परीक्षा आवेदन फारम वितरण: २०८२ साउन तेस्रो हप्तादेखि |
| व्यवस्थापन | BBA, BBS / BHM | २. प्रवेश परीक्षा सञ्चालन: २०८२ भदौ तेस्रो हप्तादेखि (सम्बन्धित डीन |
| शिक्षाशास्त्र | B.Ed./B.Ed. CSIT | कार्यालयद्वारा तोकिएको मिति अनुसार)। |
| विज्ञान तथा प्रविधि | B.Sc./B.Sc. CSIT, BIT | ३. विद्यार्थी भर्ना कार्यक्रम: २०८२ भाद्र तेस्रो हप्तादेखि (सम्बन्धित डीन |
| इन्जिनियरिङ | B.E. Civil, B.E. Computer/B.Arch. | कार्यालयद्वारा तोकिएको मिति अनुसार)। |
| कानून | B.A. LL.B | ४. पठनपाठन प्रारम्भ: २०८२ कात्तिक तेस्रो हप्तादेखि। |
| कृषि विज्ञान | B.Sc. Ag. | ५. सत्रान्त परीक्षा: २०८२ चैत दोस्रो हप्ता |
| प्राकृतिक स्रोत व्यवस्थापन | B.Sc. Forestry | ६. नतिजा प्रकाशन क्रमश: २०८३ जेठ महिनाभित्र |

स्वास्थ्य विज्ञान सङ्काय तर्फको भर्ना कार्यक्रम चिकित्सा शिक्षा आयोगको सूचना अनुसार हुनेछ। अन्य विस्तृत जानकारीका लागि सम्बन्धित डीन कार्यालय/केन्द्रीय विभाग/क्याम्पसहरूमा सम्पर्क गर्न सकिनेछ।

रजिस्ट्रार

# बाल संगठन कञ्चनपुरको c Wo l fd f e ट्ट चयन

**–पश्चिम नेपाल संवाददाता**
**महेन्द्रनगर, ४ भदौ**

नेपाल बाल संगठन अर्थात् 'बाल मन्दिर' कञ्चनपुरको जिल्ला सभा तथा अधिवेशनबाट दिर्घराज भट्ट अध्यक्ष चुनिएका छन्। बुधबार सम्पन्न जिल्ला अधिवेशनबाट भट्टको अध्यक्षतामा समिति चयन गरिएको छ । समितिमा महेश दत्त भट्ट, तर्कराज भट्ट, पार्वती अवस्थी, गोपिलाल कँडेल, राम बहादुर कुवँर र धर्म सिह भाट सदस्य छन् ।

बाल संगठन कञ्चनपुरका तदर्थ समितिका अध्यक्ष भट्टको अध्यक्षतामा कार्यक्रम गरिएको छ । नेपाल बाल संगठनका केन्द्रीय अध्यक्ष बिद्या उपाध्याय न्यौपानेले अधिवेशन उद्घाटन गरेकी छन् ।

कार्यक्रममा प्रमुख जिल्ला अधिकारी लक्ष्मण ढकालले नेपालका अनाथ बालबालिकाको संरक्षणका लागि यो संस्थाले खेलेको भूमिका अविस्मरणीय भएपनि हाल आएर काम भन्दा पनि कुरा वढि हुने प्रवृत्तिका कारण ओझेलमा पर्दै गएको बताए ।

नयाँ आउने कार्यसमितिले संस्थाको विगतको बिबादास्पद छबिको अन्त्य गर्दै अनाथ बालबालिकाको अबिभावकत्व ग्रहण गर्न सक्ने खालको होस भन्ने शुभकामना दिए। उनले संस्थाको अतिक्रमित सम्पति फिर्ता ल्याउन पहल गर्ने समेत बताए। नेपाल बाल संगठनको बारेमा प्रकास पार्दै



संस्थाका केन्द्रीय सदस्य चुडामणि भट्टले राष्ट्रिय निर्देशन ऐन-२०१८ अन्तर्गत बि.सं. २०२१ बि.सं.मा स्थापना भएको यस संस्थाको उद्देश्य असहाय बालबालिकाको संरक्षण, अधिकार प्रवर्द्धन र आश्रय तथा शिक्षा प्रदान गर्नु रहेको बताए ।

नेपाल बाल संगठनका अध्यक्ष बिद्या उपाध्याय न्यौपानेले नेपाल बाल संगठन सबै अनाथ बालबालिकाको व्यवस्थापन गर्न नसके पनि धेरै जसो अनाथ बालबालिकाको संरक्षण गरिरहेको बताउनु भएको छ। सरकारले थप व्यवस्थित गर्न आवश्यक रहेको बताउदै अध्यक्ष न्यौपानेले भनिन्, 'यसको औचित्य छैन भने सरकारले यसको खारेजी गरोस होइन भने यसको अविभावकत्व सरकारले ग्रहण गर्नु पर्दछ' ।

कार्यक्रमको सञ्चालन बाल संगठनका सदस्य गणेश ऐरीले गरेका थिए । नेपाल बाल संगठन (बालमन्दिर) ले १९६४ मा स्थापना भएको थियो । हालसम्म १० वटा बालगृह ७७ जिल्ला कार्यसमिति, र ४४४ जना बालबालिका संरक्षणमा राखेको छ ।

# पत्रकार कल्याण कोषलाई जनसरोकार पोष्टको सहयोग

**–पश्चिम नेपाल संवाददाता**
**महेन्द्रनगर, ४ भदौ**

जनसरोकार पोष्ट पत्रिकाले आफ्नो १३ औं वार्षिकोत्सवमा नेपाल पत्रकार महासंघ कञ्चनपुरको पत्रकार कल्याण कोषलाई सहयोग गरेको छ ।

बुधबार महासंघ कार्यालयमा पत्रिकाका प्रकाश राजेन्द्र प्रसाद अवस्थीले महासंघ अध्यक्ष सुरेश धामीलाई नगद ११ हजार १ सय ११ रुपैंयाको चेक हस्तान्तरण गरे ।

पत्रकार महासंघ कञ्चनपुर शाखाका सल्लाहकार निवर्तमान अध्यक्ष माधव सिह धामी लगायत पत्रकार चेक हस्तारण कार्यक्रममा सहभागी भएका छन् । महासंघ जिल्ला अध्यक्ष धामीले



पत्रकारको हकहित, कल्याणका लागि कोष स्थापना गरिएको बताए ।

# उपसभामुख हटाउने कांग्रेस–एमालेको दोस्रो जमर्कोमा शेखर समूहको भाँजो

**–पश्चिम नेपाल संवाददाता**
**काठमण्डौं, ४ भदौ**

नेपाली कांग्रेस र नेकपा एमालेले उपसभामुख इन्दिरा रानामगरलाई हटाउन हस्ताक्षर संकलन थालेका छन् । संवैधानिक परिषदमा कांग्रेसको उपस्थिति शून्य रहेको भन्दै रानामगर हटाउने दोस्रो प्रयास अघि बढेको हो । उपसभामुखले पदअनुरुपको आचरण नगरेको' आरोप सत्तापक्षको छ । दुवै दलले आफ्ना सांसदलाई हस्ताक्षर गर्न निर्देशन दिएका छन्। काठमाडौँ उपत्यका भएकाहरूले मंगलबार नै खाली पानामा हस्ताक्षर गरिसकेका छन् । उपत्यकाबाहिर भएकाहरूलाई समेत छिटो भन्दा छिटो आइपुग्न भनिएको छ ।

उपसभामुख हटाउन दुई तिहाइ सांसदको समर्थन आवश्यक हुन्छ। त्यही भएर अन्य दलका सांसदको हस्ताक्षर गराएर मंगलबार नै संसद् सचिवालयमा दर्ता गराउने तयारी थियो। तर, कांग्रेसभित्रकै शेखर कोइराला पक्षले हस्ताक्षर नगर्दा उक्त तयारी रोकिएको सांसद हृदयराम थानीले बताए। 'हामीलाई कसैले खबर गरेको छैन। पहिला अहिले गर्ने भनेर कुरा आयो, फेरि अहिले नगर्ने, पछि गर्ने भन्ने कुरा पनि आयो,' थानीले भने, 'केही दिन अध्ययन गर्ने, आजभोलि नै पेस नगर्ने भन्ने कुरा छ ।'

उपसभामुख रानाकै कारण ६ सदस्यीय संवैधानिक परिषदमा बहुमत पुऱ्याउन प्रधानमन्त्री केपी शर्मा ओलीलाई सकस परेको छ। रानामगर लाई हटाएर कांग्रेसबाट उपसभामुख बनाउन ओलीले एकवर्ष अघि नै तयारी गरे पनि पहिलो प्रयास असफल भएको थियो। प्रधानमन्त्री ओलीले सोमबार साँझ बालुवाटारमा कांग्रेस सभापति शेरबहादुर देउवासहित संयन्त्रका केही सदस्यलाई बालुवाटार बोलाए। उपसभापति पूर्णबहादुर खड्का र गृहमन्त्री रमेश लेखकलाई साथै लिएर सभापति शेरबहादुर देउवा बालुवाटार पुगे। जहाँ उपसभामुख हटाउने विषयमा छलफल मात्र भएन, दुई तिहाइ पुऱ्याउन सकिने हिसाबकिताब पनि निकालियो ।

अहिले प्रतिनिधि सभामा दुई तिहाइ पुऱ्याउन १८३ सांसद चाहिन्छ। कांग्रेस-एमालेका १६४ जनाले मत दिन पाउँछन्। जनता समाजवादी पार्टी (अशोक राई) का ७, जनमत पार्टीका ६ र लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) का ४ जनाले मत दिने निश्चित रहेकोले बाँकी २ मतका लागि नागरिक उन्मुक्ति पार्टीको साथ लिन सकिने बालुवाटार बैठक निचोडमा पुग्यो। त्यसमाथि उपेन्द्र यादवसँग पनि कुरा गरेर साथमा लिन सकिने भएकाले एकपटक कुरा गर्ने समझदारी जुट्यो । सोही अनुसार कांग्रेसले मंगलबार बिहानै पदाधिकारीको बैठक बोलायो । एमालेले संसदीय दलको बैठक। पदाधिकारी बैठकमा सभापति देउवाले उपसभामुखको कारण अप्ठेरो परेको बताएका थिए । कांग्रेस प्रवक्ता समेत रहेका सांसद डा. प्रकाशशरण महतका अनुसार संवैधानिक परिषदमा आफ्नो तर्फबाट उपस्थिति नभएकोले समस्या भएको देउवाले सुनाएका थिए।'संवैधानिक परिषदमा हाम्रो कोही पनि भएन । संसदमा सबैभन्दा ठूलो पार्टी छ,' देउवाको भनाइ उधृत गर्दै महतले भने, 'उपसभामुखको आचरणको कुरा पहिले आएकै हो। तर संख्या नपुग्दा परिणाममा पुग्नेगरी अगाडि बढेन, यसपटक एउटा निर्णय लिनुपर्छ, यसका लागि संसदीय दलले सबै दलसँग कुरा गर्नुपऱ्यो ।' यसपटक योजना सफल पार्नेगरी लागेको महत बताउँछन्। 'यसपटक संख्या पनि पुग्नसक्छ। त्यसकै लागि सांसदहरूको हस्ताक्षर लिइरहेका छौँ,' उनले भने, 'बाँकी निर्णय संसदीय दलले गर्छ ।'

पदाधिकारी बैठकलगत्तै देउवाले प्रमुख सचेतक श्यामकुमार घिमिरेलाई हस्ताक्षर संकलन गर्न निर्देशन दिए। घिमिरेले एमाले, जनता समाजवादी पार्टी, जनमत पार्टी, जनता समाजवादी पार्टी नेपाल, लोकतान्त्रिक समाजवादी पार्टी र नागरिक उन्मुक्ति पार्टीका नेतालाई पनि सिंहदरबार बोलाए ।

कांग्रेस दलको कार्यालयमा एमालेका मुख्य सचेतक महेश बर्तौला पनि पुगे। यस्तै, जनता समाजवादी पार्टी वीरेन्द्रप्रसाद महतो, जनमतकी प्रमुख सचेतक अनिता देवी, लोसपाका अध्यक्ष महन्थ ठाकुर र सांसद ओमप्रकाश चौधरी नाउपाकी अध्यक्ष रञ्जिता श्रेष्ठ लगायत पुगे। त्यसबेलासम्म कांग्रेस र एमालेका सांसदले सिंहदरबार पुगेर हस्ताक्षर गरिरहेका थिए । केही सांसद पुग्दै थिए ।

जसपा नेपालले असार ३२ गते मात्र सरकार लाई दिएको समर्थन फिर्ता लिएको थियो । प्रमुख सचेतक रेखा यादव सत्तापक्षले सहयोग मागेको बताउँछिन्। 'उपसभामुख हटाउन खोजेको देखियो,' उनले भनिन्, 'श्याम कुमारजीले जोड दिएर त भन्नुभएन तर उदेश्य त्यही नै थियो। हाम्रो समर्थन माग्नु भयो।' उनका अनुसार यस विषयमा पार्टीमा छलफल गरेर निर्णय गरिनेछ ।

नाउपाले असार २२ गते सरकारलाई दिएको समर्थन फिर्ता लिएको थियो । अब फेरि समर्थन गर्ने अवस्था आइपरेको अध्यक्ष रञ्जिता श्रेष्ठको भनाइ छ। 'राज्यमन्त्रीले राजीनामा नदिएपछि पद छोड्न नचाहेको देखियो, त्यही भएर पार्टीले केही सोच्नुपर्छ,' श्रेष्ठले थपिन्, मन्त्रालय नगए पनि वेबसाइटमा उहाँकै नाम छ। कि राजीनामा दर्ता गरेको नम्बर दिन सक्नुपऱ्यो। नत्र त उहाँकै लागि पनि सरकारलाई समर्थन दिनुपऱ्यो ।' तर, कांग्रेस संसदीय दलमा आइदिनुपऱ्यो भनेर फोन आएपछि गए पनि हस्ताक्षर नगरेको उनले दाबी गरिन् ।

असम्बन्धित व्यक्तिलाई अमेरिका उडाउन अमेरिकी दूतावासलाई पत्र लेखेपछि उपसभामुख रानामगर गत वर्ष विवादमा परेकी थिइन् । पद अनुकूल आचारण नगरेकोले हटाउन अघिल्लो वर्ष पनि कांग्रेस-एमालेले प्रयास गरेका थिए। तर, दुई दलसँग दुई तिहाइ मत थिएन । अनि त्यो प्रयास सफल भएन ।

यसपटक सरकारलाई दिएको समर्थन फिर्ता लिइसकेको उपेन्द्र यादव नेतृत्वको जसपा नेपाल र नागरिक उन्मुक्ति पार्टीको सांसदसमेत मिलाएर दुई तिहाइ पुऱ्याई कांग्रेस-एमालेले उपसभामुख हटाउने प्रक्रिया अघि बढाएका छन् ।

यद्यपि, मंगलबार कांग्रेसका महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्माले हस्ताक्षर गरेका छैनन् भने नेता शेखर कोइराला पक्षका केही सांसद पनि हस्ताक्षर गर्न गएनन् । कांग्रेसमा शेखर पक्षको मात्र १६ सांसद छन् ।

उपसभामुख रानामगर अहिले अमेरिकामा छिन् । उनी भदौ दोस्रो हप्ताअघि फर्कने छैनन् । आफूलाई हटाउन लागेको विषयमा उनले कांग्रेसका नेता शेखर कोइरालालाई टेलिफोन गरेर जानकारी लिएको बताइन् ।

'संसद्भित्र उहाँको विषय उठेको छ। यो विषय बिट मार्ने अभिभारा संसदको हो । यस्ता उठेका प्रश्नका बारेमा निष्कर्षमा कसरी पुऱ्याउने खुला छलफल अब हामी गर्छौँ,' उनले भने, 'उहाँ बाहिर हुनुहुन्छ भन्ने छ । बाहिर भएको विषयमा धेरै टिप्पणी गर्नु उपयुक्त हुँदैन। तर प्रश्न उठेको छ। उपयुक्त समयमा उपयुक्त निष्कर्ष निस्किन्छ।'

शेखर पक्षका सांसदले नमानेकैले यसपटक पनि देउवा-ओलीको योजना रोकिएको थानी बताउँछन् ।

'एकाथरीले आजै गर्ने भन्यो, अर्कोथरीले औचित्यका आधारमा छलफल गर्नुपर्छ भन्यो,' थानीले भने, 'अब सबैकुरा सरसल्लाहमै आइहाल्छ। अब सत्तारुढ दलसँग छलफल हुनुपऱ्यो। सत्तारुढ दुईवटै पार्टी मिल्दा दुईतिहाइ पुग्दैन। यो सबैसँग छलफल गर्नुपर्ने विषय हो ।'

कांग्रेस प्रमुख सचेतक घिमिरे उपयुक्त समयमा प्रस्ताव अघि बढाउने बताउँछन् ।

'संसद बन्द हुन लाग्यो। सांसदहरूको हस्ताक्षर कुन बेला केका लागि काम लाग्छ भनेर संकलन गरिराखेको हो,' घिमिरेले भने, 'उपसभामुख हटाउने विषयमा अहिले नै केही निर्णयमा पुगिसकिएको अवस्था होइन ।'




## सुदूरपश्चिम विश्वविद्यालय
### केन्द्रीय क्याम्पस
## शिक्षाशास्त्र केन्द्रीय विभाग
**महेन्द्रनगर, कञ्चनपुर**

## स्नातक तह प्रथम सेमेस्टरमा विद्यार्थी भर्ना सम्बन्धमा

*मिति २०८२/०४/२०*

सुदूरपश्चिम विश्वविद्यालय, केन्द्रीय क्याम्पस, शिक्षाशास्त्र केन्द्रीय विभाग, महेन्द्रनगर, कंचनपुरमा संचालित स्नातक तह वि.एड. कार्यक्रममा सेमेस्टर प्रणाली अन्तर्गत शैक्षिक सत्र २०८२/०८३ का लागि नेपाली शिक्षा, अङ्ग्रेजी शिक्षा, स्वास्थ्य तथा शारीरिक शिक्षा, गणित शिक्षा र वि.एड. CSIT विषयमा नयाँ विद्यार्थी भर्ना कार्यक्रम तपसिल अनुसार रहेको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकासित गरिएको छ ।

**तपसिलः**

| क्र.सं | विवरण | मिति |
|---|---|---|
| १. | प्रवेश परीक्षा आवेदन फाराम वितरण | २०८२ श्रावण २० गतेदेखि २०८२ भाद्र २६ गते सम्म |
| २ | प्रवेश परीक्षा संचालन | २०८२ भाद्र २८ गते दिउसो १:०० बजेदेखि |
| ३ | प्रवेश परीक्षाको नतिजा प्रकासन | २०८२ भाद्र ३१ गते |
| ४ | विद्यार्थी भर्ना कार्यक्रम | २०८२ साल असोज १ गते देखि कार्तिक १३ गतेसम्म |
| ५ | कक्षा संचालन | २०८२ कार्तिक १६ गतेदेखि |

**नोटः**
- B.Ed. CSIT कार्यक्रममा सिट संख्या ५० जना मात्र ।
- फारम शुल्कः रु १०००/- (नेपाली शिक्षा, अङ्ग्रेजी शिक्षा, स्वास्थ्य तथा शारीरिक शिक्षा र गणित शिक्षा)
- फारम शुल्कः रु १५००/- (वि.एड. CSIT)
- नेपाल बैक लिमिटेडको खाता नं. 15600106675982000001 मा जम्मा गर्नु पर्नेछ ।

**आवश्यक प्रमाणपत्रहरुः**
- SLC.SEE / HSEB/NEB उत्तिर्ण गरेका शैक्षिक प्रमाणपत्रहरुको (Marksheet (१० र ११) Transcript, Transfer, Character र Provisional Certificate) को प्रमाणित प्रतिलीपिहरुको १ सेट ।
- हालसालै खिचेको फोटो २ प्रति
- स्नातक तहको प्रवेश परीक्षामा सामेल हुनका लागि Transcript मा B.Ed. CSIT अध्ययनको लागि CGPA १.८ वा ४५ प्रतिसत भन्दा माथि र अन्य विषयको लागि CGPA १.६ वा ४० प्रतिसत भन्दा माथि भएको हुनु पर्नेछ ।

**विभागीय प्रमुख**

# कैलालीको गेटा आँखा अस्पतालबाट दुई लाख ८० हजारले लिए सेवा

**–पश्चिम नेपाल संवाददाता**
**धनगढी, ४ भदौ**

कैलालीको गेटा आँखा अस्पतालबाट गत आर्थिक वर्ष २०८१/८२ मा दुई लाख ८० हजार जना आँखासम्बन्धीका बिरामीले बहिरङ्ग (ओपिडी) सेवा लिएका छन् । गेटा आँखा अस्पताल र सोही अस्पताल अन्तर्गत रहेका आँखा अस्पताल र आँखा उपचार केन्द्रहरूबाट दुई लाख ८० हजार १५ जनाले आँखासम्बन्धी विभिन्न समस्या भएका बिरामीले ओपिडी सेवा लिएको गेटा आँखा अस्पतालका वरिष्ठ प्रशासकीय अधिकृत एवं सूचना अधिकारी गोविन्दप्रसाद जोसीले बताए। जसमध्ये २२ हजार २७३ जनाको शल्यक्रिया गरिएको उनले बताए ।

आँखा अस्पतालले सुदूरपश्चिमका नौवटै जिल्लामा निःशुल्क आँखा शिविर पनि सञ्चालन गरेको थियो। त्यस क्रममा १८ वटा सर्जिकल क्याम्पहरू सञ्चालन गरिएकामा ओपिडी सेवा लिएका १० हजार ५७३ जनामध्ये दुई हजार ५२ जना आँखासम्बन्धी बिरामीको निःशुल्क शल्यक्रिया गरिएको सूचना अधिकारी जोसीले बताए । त्यस्तै २१७ वटा 'स्पोट स्क्रिनिङ क्याम्प' गरेर २३ हजार ८६५ जनाको आँखा जाँच गरिएको थियो । जोसीले भने, "तीमध्ये अस्पतालले मोतिया विन्दुलगायत अन्य भेटिएका बिरामीलाई गेटा आँखा अस्पतालमा ल्याएर शल्यक्रिया गरेका थियौँ ।"

गेटा आँखा अस्पतालले गत आवमा विद्यालय आँखा जाँच कार्यक्रम पनि सञ्चालन गरेको थियो । त्यस क्रममा ४०८ वटा विद्यालयमा गएर ८६ हजार ६४३ जना बालबालिकाको आँखा जाँच गरेको उनले बताए । आँखा जाँच गर्दा केही



बालबालिकाको दृष्टिमा समस्या देखिएका र चस्मा लगाउनुपर्नेहरू एक हजार २८० जनालाई निःशुल्क चस्मा वितरण गरेको उनले बताए ।

अघिल्लो आर्थिक वर्ष २०८०/८१ मा दुई लाख ७६ हजार ७५९ जना आँखासम्बन्धी बिरामीले अस्पतालबाट ओपिडी सेवा लिएको अस्पतालले जनाएको छ । अस्पतालमा आँखासम्बन्धी सम्पूर्ण उपचार निरन्तर प्रवाह भइरहेको छ ।

गेटा आँखा अस्पतालमा छिमेकी मुलुक भारतका विभिन्न स्थानबाट समेत आँखा उपचारका लागि बिरामी आउने गरेका छन् । अस्पतालको उपचार सेवाप्रति विश्वास हुनुका साथै गुणस्तरीय सेवा प्रवाह भएकाले पनि लामो समयदेखि आँखा उपचारको लागि भारतीय मूलका नागरिक यहाँ आउने गरेका छन् ।

पछिल्लो समय भने भारतको पलियालगायत स्थानमा आँखासम्बन्धी अस्पताल खुलेपछि पहिलेको तुलनामा भारतीय बिरामीको चाप केही घटेको सूचना अधिकारी जोसीले बताएर उनले भने, "आँखासम्बन्धी ओपिडी सेवा लिने नेपालीभन्दा भारतीय बिरामीको सङ्ख्या कम भए पनि शल्यक्रिया गर्ने बिरामीको सङ्ख्या भारतीय नै बढी हुने गरेका छन् ।"

# आधुनिक बाजाले बादी समुदायको पुर्ख्यौली पेशा संकटमा

**–पश्चिम नेपाल संवाददाता**
**धनगढी, ४ भदौ**

बल्चौरका तीर्थ बादीलाई मादल बनाउने चटारो छ । सखारै उनी काठ काट्ने औजार लिएर घर बाहिर मादल बनाउन राखिएको काठको घार मिलाउँछन् । त्यसपछि तयार भएको मादलमा खरी लगाउने, सुकाउने र डोरी कस्छन्। नारीहरूले सौभाग्य र समृद्धिका निम्ति धार्मिक परम्परानुसार शिवपार्वतीको उपासना एवं पूरा गर्ने तीज नजिकिएसँगै उनको व्यस्तता बढेको हो । मादलको मौस मादल बनाउने र बेच्ने फुर्सद हुँदैन ।

शिल्पी तीर्थको सानो कच्ची घर छ । समीपको अर्को कटेरोलाई उनले मादलको गोदाम बनाएका छन् । उनले त्यो गोदाममा बेच्नका लागि ठिक्क पारेका एक दर्जनबढी मादल राखेका छन् । मादल बनाउनको लागि तयार पारेका काठका घार पनि भण्डार गरेका छन् । 'एउटा मादल साधारणतया तयार गर्न ४ दिने लाग्ने गर्दछ । मादल बनाउदा एक दिन घार तयार पार्ने, अर्को दिने कस्ने र खरी लगाउने गरिन्छ । खरी लगाएको मादललाई सुकाएर 'फिनिसिङ' गर्नुपर्छ', उनले भने ।

मादल बनाउने काठ अभाव भएको उनको गुनासो छ । रिट्ठा र आँपको काठमा कला भर्ने उनी बाखा, राँगाको छाला र खरीढुङ्गाबाट मादल उत्पादन गर्ने गरेको बताउँछन् । 'मादल बेचेर वार्षिक छ लाखसम्म आम्दानी हुनेगरेको छ । सात जनाको परिवार यसैले पालेको छु', एउटा मादले तीन हजार देखि १५ हजार सम्ममा बिक्री हुने गरेको जानकारी दिँदै १६ वर्षदेखि मादल बनाउँदै आएका तीर्थले भने । स्थानीय सरकारको सहयोग पाएमा मासिक ५० वटा मादल उत्पादन गर्न सकिने बताउँदै उनले आधुनिक बाजाले आफूहरूको पेसा सङ्कटमा परेको सुनाए ।

हाल बल्चौरका कृष्ण बादी पनि मादल बनाउन व्यस्त छन्। तीजमा मादलको माग अधिक हुने भएकोले उनलाई पनि कामको चटारो छ । एक दशकदेखि मादल बनाउँदै आएका उनी वार्षिक चार लाखसम्म आम्दानी हुने गरेको बताउँछन् । बादी समुदायले लामो समयदेखि मादल, दमाहा ठेकी, सुल्फा, हुक्का बनाएर जीविकोपार्जन गर्दै आएको भए पनि हाल आफ्नो पेसा सङ्कटमा परेको दुःखेसो उनले गरे। उनले आफ्नो पीडा सुनाउँदै भने, 'हिजोआज वनबाट मादल बनाउने काठ ल्याउन पाइँदैन ।'

बादी समुदायले परम्परागत पेसाका रूपमा मादल बनाउँदै आएकामा समाजमा आधुनिक बाजाको प्रचलन बढ्दै जाँदा परम्परागत बाजाको प्रयोग घट्न थालेपछि बादी समुदायको बाजा बनाउने पेसा सङ्कटमा परेको लम्कीचुहा नगरपालिका -३ बल्चौरका रमेश बादीले बताए। लम्कीचुहा नगर पालिका- ३ बल्चौरमा बादी समुदायका एक सय ७१ घर छन् ।

विगतमा घुमन्ते जीवन बिताउदै आएको उक्त समुदायले स्थायी रूपमा बसोबासको सुनिश्चितता भए पनि रोजगारीको अभावमा छिमेकी मुलुक भारतलाई रोजीरोटी आर्जनको थलो बनाएका छन् । यद्यपि यो समुदायका केही सदस्य मादललगायत बाजाका साथै घरेलु हतियार हँसिया, खुकुरी, बन्चरो, खुर्पा तथा कृषि औजार बनाएर परम्परागत पेसालाई निरन्तरता दिइरहेका छन् । बजार अभावमा आफूहरूलाई टिक्न कठिन भएको उनीहरूको गुनासो छ ।

# भारत–चीन सहमतिबारे बोल्यो सरकार
# लिपुलेक नेपालको अभिन्न भूभाग

**–पश्चिम नेपाल संवाददाता**
**काठमाण्डौं, ४ भदौ**

परराष्ट्र मन्त्रालयले लिम्पियाधुरा, लिपुलेक र कालापानी नेपालको अभिन्न भूभाग रहेको र भारत सरकारलाई उक्त क्षेत्रमा सडक निर्माण, विस्तार, सीमा व्यापारजस्ता कुनै पनि क्रियाकलाप नगर्न आग्रह गर्दै आएको जनाएको छ ।

नेपाली भूमि लिपुलेक हुँदै भारत-चीनबीच सीमा व्यापारका विषयमा मिडियाबाट सोधिएका प्रश्नका सम्बन्धमा परराष्ट्र प्रवक्ताको जवाफ भन्दै मन्त्रालयले जारी गरेको तीनबुँदे वक्तव्यमा नेपालको आधिकारिक नक्सा समावेश भइसकेको क्षेत्रबारे भारत र चीन दुवै देशलाई जानकारी गराइसकेको पनि उल्लेख गरेको छ ।

'नेपालको संविधानमा नेपालको आधिकारिक नक्सा समावेश भइसकेको र उक्त नक्सामा महाकाली नदीपूर्वका लिम्पियाधुरा, लिपुलेक र कालापानी नेपालको अभिन्न भूभाग रहेको तथ्यमा नेपाल सरकार स्पष्ट छ,' मन्त्रालयले पहिलो बुँदामा लेखेको छ ।

त्यस्तै दोस्रो बुँदामा नेपालको अडान स्पष्ट पार्दै भनिएको छ, 'नेपाल सरकारले भारत सरकारलाई उक्त क्षेत्रमा सडक निर्माण/विस्तार, सीमा व्यापार जस्ता कुनै पनि क्रियाकलाप नगर्न आग्रह गर्दै आएको व्यहोरा पनि विदितै छ । उक्त क्षेत्र नेपाली भू-भाग रहेको विषय मित्रराष्ट्र चीनलाई समेत जानकारी गराइसकिएको बेहोरा पनि अवगत नै छ ।'

तेस्रो बुँदामा नेपालले कूटनीतिक माध्यमबाट यस मुद्दामा समाधान खोज्न तयार रहेको पनि स्पष्ट पारेको छ ।

'नेपाल-भारतबीच रही आएको घनिष्ठ र मैत्रीपूर्ण सम्बन्धको मर्म र भावनाअनुसार ऐतिहासिक सन्धि-सम्झौता, तथ्य, नक्सा र प्रमाणको आधारमा दुवै देशबीचको सीमा समस्या कूटनीतिक माध्यमबाट समाधान गर्न नेपाल सरकार प्रतिबद्ध रहिआएको छ,' वक्तव्यमा लेखिएको छ ।

चिनियाँ विदेशमन्त्री वाङ यीको दुई दिने भारत भ्रमणका क्रममा भारत र चीनले मंगलबार नेपाललाई 'बाइपास' गरेर लिपुलेक नाका प्रयोगबारे सहमति गरेका थिए । भारतीय प्रमुख सुरक्षा सल्लाहकार एवं दुई देशको सीमा विवादबारे वार्ता गर्न तोकिएका विशेष प्रतिनिधि अजित डोभलको निमन्त्रणामा चिनियाँ विशेष प्रतिनिधिका रूपमा वाङ यी सोमबार दिल्ली पुगेका थिए ।

त्यस क्रममा भएका सहमतिबारे भारतको विदेश मन्त्रालयले १२ बुँदे विज्ञप्ति जारी गरेको छ, जसको नवौँ नम्बरमा लेखिएको छ, 'दुवै पक्ष लिपुलेक, सिप्की ला र नाथुला गरी तीनै व्यापारिक नाकामार्फत सीमा व्यापार पुनः खोल्न सहमत भएका छन् ।'

लिपुलेक नेपाली भूभाग हो । यसको उत्तरतर्फ चीनको तिब्बत छ । लिपुलेकभन्दा करिब १७ किलोमिटर पश्चिम लिम्पियाधुरा पर्छ, जसलाई नेपालले चीन र भारतसँगको त्रिदेशीय विन्दु मान्दै आएको छ ।

तर, भारतले नेपाली भूमि अतिक्रमण गरी लिपुलेक नाका हुँदै तिब्बत जाने सडक बनाएको छ र यस क्षेत्रमा सैन्य तथा सामरिक संरचना निर्माण गरेको छ । यो भारतको राजधानी दिल्लीबाट चिनियाँ नाका पुग्ने सबैभन्दा छोटो बाटो हो ।

चीन र भारतले यस्तो समयमा यो सहमति गरेका छन्, जतिखेर प्रधानमन्त्री केपी शर्मा ओली चीनमा हुने सांघाई कोअपरेसन अर्गनाइजेसनको सम्मेलनमा जाँदै छन्। त्यहाँ भारतीय प्रधानमन्त्री




नरेन्द्र मोदीसँग पनि भेट हुने अपेक्षा गरिएको छ । यसअघि पनि यी दुवै देशले यस्तो सहमति गर्दा नेपालले विरोध जनाउँदै आएको थियो ।

***यस्तो छ तीनबुँदे वक्तव्य:***

*१. नेपालको संविधानमा नेपालको आधिकारिक नक्सा समावेश भइसकेको र उक्त नक्सामा महाकाली नदीपूर्वका लिम्पियाधुरा, लिपुलेक र कालापानी नेपालको अभिन्न भूभाग रहेको तथ्यमा नेपाल सरकार स्पष्ट छ ।*

*२. नेपाल सरकारले भारत सरकारलाई उक्त क्षेत्रमा सडक निर्माण/विस्तार, सीमा व्यापार जस्ता कुनै पनि क्रियाकलाप नगर्न आग्रह गर्दै आएको व्यहोरा पनि विदितै छ । उक्त क्षेत्र नेपाली भू-भाग रहेको विषय मित्रराष्ट्र चीनलाई समेत जानकारी गराइसकिएको बेहोरा पनि अवगत नै छ ।*

*३. नेपाल-भारतबीच रही आएको घनिष्ठ र मैत्रीपूर्ण सम्बन्धको मर्म र भावनाअनुसार ऐतिहासिक सन्धि-सम्झौता, तथ्य, नक्सा र प्रमाणको आधारमा दुवै देशबीचको सीमा समस्या कूटनीतिक माध्यमबाट समाधान गर्न नेपाल सरकार प्रतिबद्ध रहिआएको छ ।*

## भारतको प्रतिक्रिया : लिपुलेक व्यापार नाका १९५४ बाटै सञ्चालित, नेपालको दाबी आधारहीन



Ministry of External Affairs
Government of India

**In response to media queries regarding comments made by Nepal on border issue, the Official Spokesperson, Shri Randhir Jaiswal said:**

"We have noted the comments of Ministry of Foreign Affairs of Nepal related to resumption of border trade between India and China through the Lipulekh Pass.

Our position in this regard has been consistent and clear. Border trade between India and China through Lipulekh pass had commenced in 1954 and has been going on for decades. This trade had been disrupted in recent years due to Covid and other developments, and both sides have now agreed to resume it.

As regards territorial claims, our position remains that such claims are neither justified nor based on historical facts and evidence.
Any unilateral artificial enlargement of territorial claims is untenable.

India remains open to constructive interaction with Nepal on resolving agreed outstanding boundary issues through dialogue and diplomacy."

20 August 2025

लिपुलेक नाका सञ्चालन गर्ने भारत र चीनबीच भएको सहमतिमा नेपालले चासो देखाएपछि भारतले तत्कालै प्रतिक्रिया जनाएको छ । भारतको विदेश मन्त्रालयले एक वक्तव्य जारी गरी लिपुलेक नाका आफूले दसकौँदेखि प्रयोग गरी आएको र नेपालले विस्तार गरेको नक्सा आधारहीन रहेको भनी टिप्पणी गरेको छ ।

सीमा मुद्दामा नेपालले गरेको टिप्पणीको बारेमा मिडियाको प्रश्नको जवाफमा भारतीय विदेश मन्त्रालयका प्रवक्ता रणधीर जयसवालले दिएको प्रतिक्रिया भन्दै जारी गरिएको वक्तव्यमा लेखिएको छ, 'हामीले लिपुलेक नाका हुँदै भारत र चीन बीचको सीमा व्यापार पुनः सुरु गर्ने सम्बन्धमा नेपालको परराष्ट्र मन्त्रालयको टिप्पणीलाई ध्यानमा राखेका छौं। यस सम्बन्धमा हाम्रो अडान स्थिर र स्पष्ट र हेको छ। लिपुलेक नाका हुँदै भारत र चीनबीचको सीमा व्यापार सन् १९५४ मा सुरु भएको थियो र दशकौंदेखि चलिरहेको छ । कोभिड र अन्य घटनाक्रमका कारण हालैका वर्षहरूमा यो व्यापार अवरुद्ध भएको थियो र दुवै पक्ष अब यसलाई पुनः सुरु गर्न सहमत भएका हुन् ।'

भारतले लिपुलेकदेखि लिम्पियाधुरासम्मको भूमि समेटेर जारी गरेको एकपक्षीय नक्सालाई कृत्रिम विस्तार भनेको छ । उसले वक्तव्यमा लेखेको छ, 'सीमा दाबीहरूको सन्दर्भमा, हाम्रो अडान कायम छ कि त्यस्ता दाबीहरू न जायज छन्, न त ऐतिहासिक तथ्य र प्रमाणमा आधारित छन् । एकपक्षीय कृत्रिम विस्तार असम्भव छ । भारत संवाद र कूटनीतिमार्फत बाँकी सीमा मुद्दाहरू समाधान गर्न नेपालसँग रचनात्मक अन्तरक्रियाको लागि खुला छ ।' चिनियाँ विदेशमन्त्री वाङ यीको दुई दिने भारत भ्रमणका क्रममा भारत र चीनले हिजो मंगलबार नेपाललाई 'बाइपास' गरेर लिपुलेक नाका प्रयोगबारे सहमति गरेका थिए ।

वाङको भ्रमणका क्रममा भएका सहमतिबारे भारतको विदेश मन्त्रालयले १२ बुँदे विज्ञप्ति जारी गर्दै नवौं नम्बरमा लेखेको छ, 'दुवै पक्ष लिपुलेक, सिप्की ला र नाथुला गरी तीनै व्यापारिक नाकामार्फत सीमा व्यापार पुनः खोल्न सहमत भएका छन् ।'

नेपालको परराष्ट्र मन्त्रालयले बुधबार लिम्पियाधुरा, लिपुलेक र कालापानी नेपालको अभिन्न भूभाग रहेको र भारत सरकारलाई उक्त क्षेत्रमा सडक निर्माण, विस्तार, सीमा व्यापारजस्ता कुनै पनि क्रियाकलाप नगर्न आग्रह गर्दै आएको भनी प्रतिक्रिया सार्वजनिक गरेको थियो ।

नेपाली भूमि लिपुलेक हुँदै भारत-चीनबीच सीमा व्यापारका विषयमा मिडियाबाट सोधिएका प्रश्नका सम्बन्धमा परराष्ट्र प्रवक्ताको जवाफ भन्दै मन्त्रालयले जारी गरेको तीनबुँदे वक्तव्यमा नेपालको आधिकारिक नक्सा समावेश भइसकेको क्षेत्रबारे भारत र चीन दुवै देशलाई जानकारी गराइसकेको पनि उल्लेख गरेको गरेको थियो । त्यसको केही घण्टामै भारतीय विदेश मन्त्रालयले प्रतिक्रियात्मक वक्तव्य जारी गरेको हो ।

जनज्योति बहुमुखी क्याम्पस महेन्द्रनगर, कञ्चनपुर

नयाँ विद्यार्थी
भर्ना सम्बन्धि सूचना



त्रि.वि.बाट सम्बन्धन प्राप्त सुदूरपश्चिमको अग्रणी शैक्षिक संस्था
यस **जनज्योति बहुमुखी क्याम्पस महेन्द्रनगर कञ्चनपुरमा स्नातक तह प्रथम वर्ष /सेमेष्टर र कक्षा ११ मा शैक्षिक** सत्र २०८२/०८३ का लागि तपशिलका विषयमा अंग्रेजी र नेपाली दुबै माध्यममा भर्ना खुलेको व्यहोरा सहर्ष जानकारी गराइन्छ ।

तपशिल

Management 4 years
-Finance
-Accountancy
-Management

Humanities (B.A)
-English
-Rural Devlopment
-Sociology and Anthropology
-Nepali
-Economics
-Social work
-BCA It related subject

Education (B.Ed) 4 years
-English Education
-Nepali Education
- Health Education
- Education (Nepali, Math, English)
-Arts (Law)
-Management (Business and Computer)

हाम्रा विशेषताहरु
-अंग्रेजी र नेपाली दुबै माध्यममा पठनपाठन
-विद्यालय तहदेखि स्नातकोत्तर तहसम्म पढाई हुने सुदूरपश्चिमको विशाल शैक्षिक संस्था
-त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त कोर्षहरु पढाइने
-न्यूनतम शुल्कमा गुणस्तरीय अध्ययन
-जेहेन्दार विद्यार्थीलाई छात्रबृत्तिको व्यवस्था
-विद्यार्थी केन्द्रित सिकाई प्रणाली

भर्ना कार्यक्रम

BBS & B.Edm
**फाराम वितरण र भर्ना** : साउन २३ देखि भदौ १५ गतेसम्म
**कक्षा सञ्चालन** : भदौ १८ गतेदेखि
**कक्षा समय** : बिहान ६ बजेदेखि १०:४५ बजेसम्म
**भर्ना कार्यक्रम** BCA
फाराम वितरण तथा Online Entry भदौ १५ गतेसम्म
**प्रवेश परीक्षा** : भदौ २८ गते
**कक्षा सञ्चालन** : असोज २ गते बिहान ६:१५ बजेदेखि १०:४५ बजेसम्म



विस्तृत जानकारीका लागि सम्पर्क
जनज्योति बहुमुखी क्याम्पस
भाँसी कञ्चनपुर, फोन नं. ०९९-४१८१३१,९८५८७७५०८५, ९८५८७७५०९६, ९८५८७७५०८३

## शुक्लाफाँटा विस्थापितको आमरण अनशन

# मदनचोकमा तोडियो, वनहरा र ढक्कामा जारी



**–पश्चिम नेपाल संवाददाता**
**महेन्द्रनगर, ४ भदौ**

शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज (तत्कालीन आरक्ष) विस्तारका क्रममा विस्थापित भएका परिवारले महेन्द्रनगर मदनचोकमा अनशन छाडे पनि अन्य दुई स्थानमा निरन्तरता दिएका छन् । २०५८ मा आरक्ष क्षेत्र विस्तार गर्दा घरबार गुमाएका परिवार उचित बसोबास, क्षतिपूर्ति र द्वन्द्वपीडित घोषणाको माग गर्दै अनशनमा बस्दै आएका हुन् । आरक्ष विस्थापित परिवार कृष्णपुर नगरपालिका–२ वनहरा र निकुञ्जको ढक्का शिविरमा रिले अनशनमा बसेका छन् ।

यी दुई स्थानसंगै उनीहरु मदनचोकमा पनि आमरण बसेका थिए । आमरण अनशनमा जय बहादुर रोकाया र रण बहादुर सिह अनशन तोडेर फर्किएका छन् । पीडित परिवारले दश कट्ठा जग्गा, घरगोठ, काठपात, अन्नपातलगायत २४ वर्षअघि विस्थापनका क्रममा जलाइएका सम्पत्तिको क्षतिपूर्ति दिलाउनुपर्ने माग अघि सारेका छन्। तत्काल पुनःस्थापनाको व्यवस्था गर्नुपर्ने उनिहरूको माग रहेको छ । 'निकुञ्ज विस्तारको नाममा घरबारबाटै लखेटियो, अर्कातिर कुनै क्षतिपूर्ति नदिई खाली हात बनाइयो', आरक्ष पीडित केन्द्रीय समितिका अध्यक्ष प्रेमदत्त भट्टले भने, 'समाधान नभएसम्म अनशनको आन्दोलनलाई निरन्तरता दिन्छौं ।'

पीडितको समस्या समाधानका लागि विगतमा दुई दर्जनभन्दा बढी आयोग बने पनि ठोस परिणाम नदेखिएको उनको भनाइ रहेको छ । समितिका उपाध्यक्ष अक्कलबहादुर विष्टका अनुसार दुई हजार ४७३ परिवारलाई विस्थापितका रूपमा पहिचान गरी परिचयपत्र वितरण गरिए पनि पुनःस्थापनाको कार्य हुन नसकेको छैन ।

सरकारले आरक्ष विस्थापित परिवारलाई अहिलेसम्म आधारभूत सेवा–सुविधासमेत नदिएको पीडितको गुनासो छ । 'गैरनागरिकझैं व्यवहार भइरहेको छ, शिक्षा, स्वास्थ्य, आवास, खानेपानी र रोजगारजस्ता सुविधा उपलब्ध छैनन्', विष्टले दुखेसो पोखे । हाल जिल्लाका विभिन्न स्थानमा गरी १४ वटा शिविरमा आरक्ष विस्थापित परिवार बस्दै आएका छन् । त्यसमध्ये तीन शिविर निकुञ्जभित्र नै छन् भने बाँकी शिविर बाहिरी क्षेत्रमा छन् । धेरै परिवार अझै पनि प्लास्टिकको झुपडीमा बस्न बाध्य छन् । दैनिक जीवन धान्न अधिकांश भारततिर मजदुरी गर्न जाने गरेका छन् । 'सरकार भनेको अभिभावक हो, तर अहिलेको स्थितिले हामीलाई पूर्ण बेवारिसे बनाएको छ', समितिका सचिव मोहनदत्त बडुले भने, '१३ दिनदेखि अनशन जारी छ, तर सरकार मौन छ ।'विस्थापितले पुनःस्थापनासँगै शिक्षा, स्वास्थ्य, सुरक्षित आवास, खानेपानी, बिजुली, रोजगारी र ६० वर्ष उमेरका वृद्धवृद्धाका लागि भत्ता सुनिश्चित गर्नुपर्ने माग अघि सारेका छन् । 'हामीलाई संविधानले दिएको मौलिक हक सुनिश्चित गर्नुपर्छ', समितिका कोषाध्यक्ष कृष्ण भट्टले भने, 'संविधानले सबै नागरिकलाई आवास, जग्गासँगै रोजगारीको हक हुने भनिएको छ, त्यसकै प्राप्तीका लागि वर्षौंदेखि सङ्घर्ष गर्नुपर्ने बाध्यता छ ।' दैनिक जीवन कष्टकर बनेको पीडित राजी लुहारले भने, 'बिहान खाएपछि बेलुकी के खाने भन्ने चिन्ता हुन्छ, खुट्टा टेक्ने जग्गा छैन, रोजगारी छैन, लालाबाला केले पाल्ने चिन्ता छ, वनछेउको झुपडीमा बस्दा जङ्गली जनावरको आक्रमणमा परेर ज्यान गुमाउनुपर्ने खतरा छ ।'

'राजनीतिक दलहरूले २४ वर्षसम्म पुनः स्थापनको अश्वासन बाँड्दै भोट बैंकका रूपमा मात्र प्रयोग गरे' उनले थप भने, 'स्थायी समाधानका लागि चासो देखाएनन्, हामो पीडा बुझिएन ।'पूर्वन्यायाधीशको संयोजकत्वमा दुई/दुई पटक अधिकार सम्पन्न आयोग बने पनि प्रतिवेदन बुझाउने र परिवारको सङख्या घटबढ गर्ने कामबाहेक कुनै प्रगति हुन नसकेको उहाँको बुझाइ रहेको छ । साउन २२ गतेदेखि महेन्द्रनगरमा सुरू भएको रिले अनशन अहिले शिविरमै जारी छ ।


## जग्गा खरिद गर्दा ध्यान दिनुपर्ने कुराहरु:

- बिक्रेता वास्तविक हो/होईन, निजको हक भोग छ/छैन प्रष्ट होऔं,
- कित्ताको मोठ श्रेस्ता, फोटो र तीनपुस्ते ठिक भए नभएको एकिन गरौं,
- कुनै अड्डा अदालत वा अन्य कुनै कार्यालयमा रोक्का वा झगडा भए/नभएको बारेमा प्रष्ट होऔं,
- जग्गा र नक्सामा बाटो छ/छैन एकिन गरौं,
- जग्गाको हकभोग अनुसार आकार प्रकार मिले/नमिलेको एकिन गरौं,
- जग्गा रैकर वा गुठी के हो प्रष्ट होऔं,
- जग्गामा मोही भए/नभएको प्रष्ट होऔं,
- लालपूर्जा, जमिन र नक्साको क्षेत्रफल मिल्छ/मिल्दैन एकीन गरौं,
- सिमानामा विवाद भए/नभएको सँध संधियारबाट बुझौं,
- नक्सा बमोजिमको जमिनमा चारैतर्फ सिमाना एकीन गर्न रेखाङ्कन गराएर मात्र खरिद बिक्री गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## के तपाईलाई थाहा छ ?

–हुलाकले चिठीपत्र मात्र होइन, समान पनि बोक्छ नि । –तपाईको २० केजीसम्मको समान देशभरि जुनसुकै जिल्लामा पठाउन सकिन्छ ।
–पठाएको समान वा चिठी पत्र कहाँ पुग्यो भनेर आफ्नै मोबाइलबाट tracjimg गर्न सकिन्छ ।
–साथै विश्वका सम्पूर्ण देशहरुबाट समान (Parcle) नेपालमा प्राप्त गर्न सकिने र नेपालबाट ७१ देशका ९३ गन्तव्यमा पठाउन सकिने ।

जिल्ला हुलाक कार्यालय कञ्चनपुर

## छानको बालुवा र गिट्टी चाहिएमा ।



यस सिद्धनाथ उदयदेव अनमोल क्रसर उद्योगले अत्याधुनिक प्रविधियुक्त मेसिन बाट प्रशोधित उच्चस्तरिय महाकाली नदीको गिट्टी बालुवा, जीरा अब बजार रेट भन्दा सस्तो सर्वसुलभ गुणस्तरीय उत्पादन सुरु भएको जानकारी गराउँदछौं । साथै एकपटक सेवाको मौका दिनुहोस् ।

हाम्रा उत्पादनहरू
बेश 40 m.m, 20 m.m. Down, 12 m.m. Down, 6m.m. जीरा, 15 m.m. Natural

सिद्धनाथ उदयदेव अनमोल क्रसर उद्योग
वेदकोट–९, सुन्दरपुर, कञ्चनपुर
सम्पर्क नं. ९८५११४०६३६, ९८५१०१८०७८, ९८५८७५००९८, ९८४८८७८६७७

विगत १२ वर्षदेखि महेन्द्रनगरमा सञ्चालनमा रहेको सु.प. कै उत्कृष्ट कलेज

**ADMISSION OPEN!** 100% JOB PLACEMENT

+2 HOTEL MANAGEMENT
COMPUTER COMMERCE

SEEमा जुनसुकै ग्रेड आए पनि पढ्न पाईन्छ ।



Hotel Management
Courses
- F & B Service
- F & B Production (Cook)
- Bartender/Sushi Training
- Barista Coffee Training
- Housekeeping

50% SCHOLARSHIP FOR GIRLS

Bheemdatt-18, Janakitole
(Near Florida School)
Mahendranagar, Kanchanpur

099-520086, 9848857933, 9865691710

APEX GODAWARI ACADEMY

सुदुरपश्चिम विश्वविद्यालय
मानविकी तथा सामाजिकशास्त्र संकाय
डीनको कार्यालय

## स्नातक तहको प्रवेश परीक्षा र भर्ना सम्बन्धि सूचना।

मिति: २०८२/०४/२१

सुदुरपश्चिम विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र संकाय अन्तर्गत स्नातक तह तर्फ Bachelor of Arts (BA) र Bachelor of Computer Application (BCA) शैक्षिक कार्यक्रमहरुमा शैक्षिक सत्र २०८२/०८३ का लागि विश्वविद्यालयको मानविकी तथा सामाजिकशास्त्र केन्द्रीय विभाग र तोकिएका शैक्षिक कार्यक्रमको स्वीकृति प्राप्त विश्वविद्यालयका आंगिक क्याम्पसहरुमा नयाँ विद्यार्थी भर्नाका लागि निम्नानुसारको भर्ना कार्यक्रम निर्धारण गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकासित गरिएको छ ।

| शैक्षिक कार्यक्रम | BA | BCA |
|---|---|---|
| प्रवेश परीक्षा फाराम वितरण | २०८२ श्रावण २१ गतेदेखि | २०८२ श्रावण २१ गतेदेखि |
| प्रवेश परीक्षा फाराम बुझाउने अन्तिम मिति | २०८२ भाद्र ३१ गतेसम्म | २०८२ भाद्र २७ गतेसम्म |
| प्रवेश परीक्षा सञ्चालन हुने मिति र समय | २०८२ असोज २ गते विहान ११:३० बजेदेखि | २०८२ भाद्र ३० गते विहान ११:३० बजेदेखि |
| प्रवेश परीक्षा आवेदन शुल्क | रु. १०००।- | रु. १५००।- |
| प्रवेश परीक्षाको नतिजा प्रकाशन | २०८२ असोज ३ गते | २०८२ असोज १ गते |
| भर्ना अवधि | BCA शैक्षिक कार्यक्रमको हकमा प्रवेश परीक्षाको नतिजामा उल्लेख भए अनुसार र BA शैक्षिक कार्यक्रमको हकमा २०८२ कार्तिक १६ गतेसम्म | |
| अभिमुखीकरण कार्यक्रम | २०८२ कार्तिक १२ गतेदेखि १६ गतेसम्म सम्बन्धित विभाग क्याम्पसले तोकेको मितिमा | |
| कक्षा सञ्चालन | २०८२ कार्तिक १७ गतेदेखि | |
| भर्नाका लागि न्यूनतम शैक्षिक योग्यता | BCA शैक्षिक कार्यक्रमका लागि कक्षा १२ का प्रत्येक विषयमा D ग्रेड सहित न्यूनतम १.८ CGPA प्राप्त गरेको (तर राष्ट्रिय परीक्षा बोर्डको २०७८ साल र सो भन्दा पूर्वको नतिजा अनुसार C ग्रेड सहित न्यूनतम २ CGPA प्राप्त गरेको), प्रविणता प्रमाणपत्र तहको हकमा न्यूनतम द्वितीय श्रेणीको अंक प्राप्त गरेको । BA शैक्षिक कार्यक्रमका लागि कक्षा १२ वा प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको । | |

*पुनश्च : कक्षा १२ को पुरक परीक्षामा सहभागी हुने विद्यार्थीहरू समेत भर्नाको समयमा न्युनतम शैक्षिक योग्यता पुगेको प्रमाणपत्र पेश गर्ने सर्तमा BA शैक्षिक कार्यक्रम अन्तर्गत प्रवेश परीक्षामा सहभागी हुन सक्नेछन् । थप जानकारीका लागि मानविकी तथा सामाजिकशास्त्र केन्द्रीय विभाग, महेन्द्रनगर/विश्वविद्यालयका आंगिक क्याम्पसहरूमा सम्पर्क गर्न सकिनेछ ।*

प्रा. डा. राजेन्द्र प्रसाद भट्ट
डीन

## सुदुरपश्चिम विश्वविद्यालय केन्द्रीय क्याम्पस व्यवस्थापन विभागको प्रवेश परीक्षा सम्बन्धी सुचना

मिति : २०८२।०४।१८

सुदुरपश्चिम विश्वविद्यालयको केंद्रीय क्याम्पस व्यवस्थापन केन्द्रीय विभागमा स्नातक तहका (BBA , BHM र BBS) शैक्षिक कार्यक्रमहरुमा शैक्षिक शत्र २०८२।०८३ मा नयाँ विद्यार्थी भर्नाका लागि सञ्चालन हुने प्रवेश परीक्षाको कार्यक्रम निम्नानुसार रहेको सम्बन्धित सबैका जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| शैक्षिक कार्यक्रम | आवेदन फाराम वितरण | आवेदन फाराम बुझाउने अन्तिम मिति | प्रवेश परीक्षा सञ्चालन हुने मिति र समय |
|---|---|---|---|
| BBA | २०८२ श्रावण १८ गतेदेखि | २०८२ भाद्र २५ गतेसम्म | २०८२ भाद्र २८ गते विहान ८:०० बजे |
| BHM | २०८२ श्रावण १८ गतेदेखि | २०८२ भाद्र २७ गतेसम्म | २०८२ भाद्र २८ गते विहान ११:०० बजे |
| BBS | २०८२ श्रावण १८ गतेदेखि | २०८२ भाद्र २७ गतेसम्म | २०८२ भाद्र २८ गते विहान ११:०० बजे |
| भर्नाका लागि न्युनतम शैक्षिक योग्यता | | BBA र BHM शैक्षिक कार्यक्रमका लागि कक्षा १२ का प्रत्येक विषयमा कम्तीमा D ग्रेड सहित न्युनतम 1.8 CGPA प्राप्त गरेको । (तर राष्ट्रिय परीक्षा बोर्डको २०७८ साल र सो भन्दा पुर्वको नतिजा अनुसार कक्षा ११ र १२ का प्रत्येक विषयमा कम्तीमा D+ ग्रेड सहित न्युनतम 1.8 CGPA ल्याएको),प्रविणता प्रमाणपत्र तहको हकमा न्युनतम द्वितीय श्रेणीको अंक प्राप्त गरेको र BBS शैक्षिक कार्यक्रमका लागि कक्षा १२ का प्रत्येक विषयमा न्युनतम D ग्रेड ल्याएको (राष्ट्रिय परीक्षा बोर्डको २०७८ साल र सो भन्दा पुर्वको नतिजा अनुसार कक्षा ११ र १२ का प्रत्येक विषयमा न्युनतम D+ ग्रेड ल्याएको) वा न्युनतम द्वितीय श्रेणीमा प्रविणता प्रमाण पत्र तह उत्तीर्ण गरेको हुनुपर्ने छ । | |
| प्रश्नपत्रको सरचना | | १०० पुर्णाङ्क, समय : १ घण्टा ३० मिनेट र Verbal Ability,Quantitative Ability, General Awareness, Logical Reasoning,Business and Economics सम्बन्धी १०० वटा वस्तुगत प्रश्नहरु । | |

*नोट : BBA र BHM का हकमा रु. १५०० र BBS का हकमा रु ५०० प्रवेश परीक्षा शुल्क नेपाल बैंक लि मा रहेको यस विभागको खा नं. 15600106688945000001 मा जम्मा गर्नुपर्ने छ । कक्षा १२ को परीक्षाको नतिजाको प्रतिक्षामा रहेका विद्यार्थीहरु समेत भर्नाको समयमा न्युनतम शैक्षिक योग्यता पुगेको प्रमाणपत्र पेश गर्ने सर्तमा प्रवेश परीक्षामा सहभागी हुन सक्नेछन् । प्रवेश परीक्षा र भर्ना सम्बन्धी थप जानकारीको लागि व्यवस्थापन केन्द्रीय विभाग महेन्द्रनगरमा सम्पर्क गर्न सकिनेछ ।*

विभागीय प्रमुख
व्यवस्थापन केन्द्रीय विभाग
सु.प.वि. महेन्द्रनगर


मिडीया नेपालका लागि प्रकाशित पश्चिम नेपाल दैनिक, संस्थापक/सम्पादकः **अशोक प्र. पाण्डेय**, प्रकाशक/प्रधान सम्पादकः **लक्ष्मणदत्त पन्त**, अतिथि सम्पादकः **मेनुका विष्ट 'बस्नेत'**, पुर्व सम्पादकः स्व. **कर्ण बोहरा**, कार्यकारी सम्पादकः **नृगबहादुर शाह**
कार्यालयः गल्ली नं. ५ क्याम्पसरोड, महेन्द्रनगर, फोनः ०९९–५२५६२५,मो.९८४८८८५२४३,९८०१३७९५४३ फ्याक्स ०९९–५२३८४९ इमेलः westnepaldaily@gmail.com, मुद्रकः जगदम्बा छापाखाना गल्ली नं. ३, महेन्द्रनगर, ०९९–५२३९७७